पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सरकार भन्दा शैली फेर्नेमा लागौं

नेपालको राजनैतिक चरित्रमा अहिले आएर फेरी हलचल मच्चिएको छ । प्रधानमन्त्री केपीओली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा बीचको मंगलवार भएको भेटवार्ताले केही हद सम्म सरकार फेरिने बजार हल्लाहरु कम भए पनि भित्र भित्रै खिचडी भने पाकी रहेको छ । जे होस देश गम्भीर संकटको विसम मोडमा उभिएको अवस्था छ अहिले । यो परिस्थितिलाई निकास दिन नसकेर माओवादी अध्यक्ष प्रचण्डले भने जस्तै भयो भने, लोकतन्त्र प्रतिको जनविश्वास झन भन्दा झन कमजोर हुने बाहेक केही पनि हुन सक्दैन् ।

लोकतन्त्र विरोधीशक्तिहरुको चहलपलह भएका बेला दुई तिहाईको वहुमत प्राप्त सरकार नै अलमलमा परेर फेरी नयाँ गठवन्धनबाट अर्को सरकारको परिकल्पना गर्न थालिनु आफैमा यो पटक राम्रो परिणाम दिँदैंन् । सरकार फेर्ने भन्दा पनि, अब कार्यशैली फेर्ने काम गर्नुको विकल्प छैन् । अहिले नै सरकार फेर्ने सोंचमा लागियो भने, देशले निकास भन्दा पनि लोकतन्त्र माथि वज्रपातको सुरुवात गर्ने तयारीमा रहेकालाई बल मिल्ने बाहेक केही पनि हुन सक्दैन् । त्यस कारण देशलाई मजवूत बनाएर लग्न वर्तमान सरकार फेर्ने भन्दा, कार्यशैलीमा जनपक्षीय अवधारणा बनाएर अगाडी बढ्नुको विकल्प छैन । शिक्षक आन्दोलन, डाक्टर आन्दोलन,आर्थिक मन्दी,वढ्दो महंगी, लोकतन्त्र प्रतिको आस्थामाथि प्रहार गर्ने शक्तिको सलबलाहट जस्ता नकारात्मक क्रियाकलापलाई रोकेर अनियमितता गर्नेलाई कडा कार्यवाही गर्ने तर्फ लाग्नु पर्छ ।

मुलुकमा अहिले जनताका इच्छा र आंकाक्षाहरु पुरा गर्न नसकिने खालका छैनन् । सरकारले आफ्नो कामलाई नयाँढंगबाट अगाडी बढाउँने तर्फ ध्यान दिएन भने सरकार र लोकतन्त्र नै खतरामा पर्ने अवस्था आउँन सक्छ भन्ने कुरा मुलुकका सबै राजनैतिक दलले बुझ्नै पर्ने हुन्छ । सरकार फेरिदैमा अवस्था फेरिन्छ भन्ने छैन्, अवस्था फेर्नुपर्ने कुरा गर्ने बेलामा व्यवस्था नै फेर्छौं, भन्नेहरु गलत हुन । उनीहरुका कुराले काम गर्दैनन्, झुठा कुरा गर्नेहरुका लागि सही र जनपक्षीय काम गरेर देखाउँने हो भने वर्तमान सरकारको विकल्प खोज्ने अवस्था रहदैन् भन्ने कुरा सबैमा चेतना हुन जरुरी छ ।

## Opinion @ Social Network

संसारमा आफूलाई भन्दा बढी माया कसैलाई नगर्नु
किनकी आँखाबाट झारेको आँसु पुछिदिने पहिलो हात आफ्नै हुन्छ ।
*(तारा थापाको फेसबुक स्टाटस https://www.facebook.com/tara.thapa.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी गर्न सकिन्छ रूग्ण संस्थानको पुनरूत्थान



**दिलीपराज भट्ट**

विक्रम सम्वत् १९९३ सालमा विराटनगर जुटमिलसँगै नेपालमा सार्वजनिक संस्थान स्थापनाको क्रम आरम्भ भएको हो । पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) अवधिमा सार्वजनिक संस्थान स्थापनाको गति बढेको देखिन्छ ।

यस्ता संस्थान स्थापनाको उद्देश्य अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धता सुनिश्चित गर्नु, निर्यात प्रवर्द्धन गर्नु, रोजगारी सिर्जना गर्नु र विकासमा निजी क्षेत्रको सहयोग जुटाउनु थियो । प्रारम्भिक समयमा, सार्वजनिक संस्थानहरूको व्यावसायिक र वित्तीय कार्यसम्पादन सामान्यतया सन्तोषजनक थियो । १९९० सालपछिको आर्थिक उदारीकरणमा सरकारी संस्थानहरू प्रतिस्पर्धात्मक बजारमा टिक्न कठिन भयो । व्यवस्थापकीय कमजोरी, पुरानो प्रविधि, वित्तीय घाटाजस्ता कारणले सरकारी संस्थानहरू निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसकेर क्रमशः कमजोर हुँदै गए ।

सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८० अनुसार हाल नेपालमा उद्योग, व्यापार, सेवा, सामाजिक, जनपयोगी र वित्तीय क्षेत्रहरूमा गरी ४४ वटा सार्वजनिक संस्थान अस्तित्वमा छन् । यीमध्ये २५ वटा संस्थान नाफामा र १७ वटा घाटामा चलेका छन् । दुई संस्थान कारोबारशून्य अवस्थामा छन् । घाटामा रहेका संस्थानका कारण सरकारी स्रोत सदुपयोग हुन सकेको छैन । यस्ता संस्थान सुधारका लागि सरकारले वित्तीय सहायता, व्यवस्थापन पुनर्संरचना, निजीकरण र अनुदानजस्ता प्रयासहरू गरे पनि प्रभावकारी हुन सकेको छैन ।

यस्ता रूग्ण संस्थान पुनरूत्थानका लागि विभिन्न मोडलहरू प्रयोग गर्न सकिन्छ। यहाँ सार्वजनिक-निजी साझेदारी मोडलको चर्चा गरिएको छ । विगतका प्रयासहरूबाट सिक्दै सरकारले रूग्ण संस्थानहरूको पुनरूत्थानका लागि सार्वजनिक-निजी साझेदारी (सानिसा) मोडल अवलम्बन गर्ने तयारी गरेको छ । यस अवधारणाले निजी लगानी आकर्षित गरी व्यवस्थापन दक्षता र सञ्चालन प्रभावकारिता अभिवृद्धि गर्दै सरकारी स्रोतमाथिको परनिर्भरता घटाउने लक्ष्य राखेको छ ।

२०८१ माघमा आयोजित 'उद्योग वाणिज्य प्रवर्द्धन संवाद परिषद' बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले रूग्ण सार्वजनिक उद्योगहरू पुनः सञ्चालन गर्न निजी क्षेत्रलाई सानिसा मोडल अन्तर्गत ठोस प्रस्तावहरू पेस गर्न आग्रह गरेका छन् ।
त्यसअघि कात्तिकमा अर्थमन्त्रीको नेतृत्वमा रहेको निजीकरण समितिले जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योग लगायत बन्द रहेका आठ वटा तथा रूग्ण र कार्यसम्पादन कमजोर भएका सार्वजनिक संस्थानहरू निजीकरणका लागि वर्गीकरण गर्न मन्त्रिपरिषदमा प्रस्ताव गर्ने निर्णय गरेको थियो ।

सानिसा अवधारणा अनुरूप रूग्ण संस्थानहरूको पुनरूत्थान र सञ्चालनका लागि साझा समझदारी हुन आवश्यक देखिन्छ । सानिसा मोडलका चुनौती तथा प्रभावकारी कार्यान्वयनका उपाय गहिराइमा बुझ्न जरूरी छ ।

सानिसा सार्वजनिक निकाय र निजी क्षेत्रले साझेदारीमा पूर्वाधार निर्माण गर्ने, पुनरूत्थान तथा सञ्चालन गरेर सार्वजनिक सेवा प्रवाह गर्ने सम्झौता हो । यसमा साझेदारीका आधारमा स्रोत र प्रतिफल बाँडफाँट हुन्छ । जोखिममा पनि साझेदारी हुन्छ । यस्तो साझेदारीले निजी क्षेत्रको विशेषज्ञता, कार्यदक्षता र पुँजी सरकारी नियमनसँग जोड्छ । सरकारी वा निजी क्षेत्रले आआफ्ना सबल पक्ष अनुसार मात्र जोखिम बहन गर्नु सानिसाको मुख्य विशेषता हो। यसले परियोजनालाई दीर्घकालीन रूपमा प्रभावकारी र दिगो बनाउन भूमिका निर्वाह गर्छ।

रूग्ण संस्थानहरूको पुनरूत्थानमा विगतका सरकारी प्रयासको तुलनामा सानिसा प्रभावकारी सावित हुन सक्छ। 'सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५' ले सानिसाबाट कार्यान्वयन गर्न सकिने विभिन्न मोडालिटीहरू निर्दिष्ट गरेको छ । लगानी र सञ्चालन जोखिम बाँडफाँट गर्ने सानिसा मोडलले सरकारको आर्थिक भार कम गर्दै परियोजना लाभदायक बनाउने वातावरण सिर्जना गर्छ । निजी क्षेत्रको सहभागिताले उत्कृष्ट व्यवस्थापन प्रणाली र प्राविधिक दक्षता अभिवृद्धि हुन्छ । वित्तीय अनुशासनले कार्यदक्षता बढाउँछ, नवप्रवर्तन प्रवर्द्धन गर्छ । पूर्ण निजीकरणको तुलनामा सानिसा उचित विकल्प हो ।

### सानिसा निजीकरण होइन

नेपालमा १९९० को दशकपछि आर्थिक उदारीकरणसँगै ३० वटा सार्वजनिक संस्थान निजीकरण गरिए। उत्साहका साथ निजीकरण त भयो तर अपेक्षित रूपमा लगानी प्रवाह, उत्पादन वृद्धि र रोजगारी सिर्जना हुन सकेन। परिणाम स्वरूप निजीकरणप्रति जनस्तरमा अविश्वास बढ्दै गयो र यसको प्रक्रिया अवरूद्ध भयो। सानिसा र निजीकरणबीचको भिन्नता बुझ्न आवश्यक छ । निजीकरणमा संस्थाको स्वामित्व र नियन्त्रण स्थायी रूपमा निजी क्षेत्रलाई हस्तान्तरण गरिन्छ। संस्थाबाट सरकार पूर्ण रूपमा अलग हुन्छ। सानिसामा निश्चित समयावधिसम्म निजी क्षेत्रलाई सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिइन्छ । निर्धारित अवधि पूरा भएपछि संस्थान सरकारी स्वामित्वमा फर्किन्छ ।

पूर्ण निजीकरणमा सरकारको भूमिका केवल नियमन र अनुगमनमा सीमित हुन्छ । सानिसामा सरकार सम्झौताका सर्तहरू निर्धारण गर्न, सार्वजनिक चासोको सुरक्षा सुनिश्चित गर्न र परिणाम अनुगमन गर्न सक्रिय रहन्छ । सानिसा मोडलले पूर्ण सरकारी नियन्त्रण र पूर्ण निजीकरणबीच सन्तुलन कायम गर्दै रूग्ण सार्वजनिक संस्थानको पुनरूत्थानका लागि व्यावहारिक समाधान दिन्छ । यो मोडल निजी क्षेत्र, सरकार र आमनागरिकको विश्वास कायम गर्न प्रभावकारी उपाय हुन सक्छ।

### प्रमुख चुनौती

सानिसा मोडलबाट धेरै लाभ हासिल गर्न सकिन्छ तर चुनौतीरहित छैन। यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू छन्।

सानिसा परियोजनाको सफलता निजी साझेदार छनोटमा निर्भर रहन्छ। साझेदार योग्य र विश्वसनीय हुँदा जोखिम व्यवस्थापन सजिलो हुन्छ। राम्रो अनुभव नभएका कम्पनीहरू साझेदार भए उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन्छ। निजी साझेदारले अत्यधिक सरकारी ग्यारेन्टी वा प्रोत्साहन माग्यो भने सार्वजनिक वित्त प्रणालीमा अनावश्यक भार पर्न सक्छ। यसले सरकारमाथि दायित्व थप्ने जोखिम हुन्छ। अस्पष्ट नीति, प्रशासनिक ढिलाइ र प्रक्रियागत जटिलताले सानिसा परियोजनामा निजी क्षेत्रको सहभागिता कमजोर बनाउन सक्छ। राजनीतिक समूह र मजदुर युनियनको प्रतिरोध पनि ठूलो चुनौती बन्न सक्छ।

संस्थानहरूमा आफ्नो प्रभाव गुम्ने सम्भावना र रोजगारी सुरक्षा सम्बन्धी आशंकाका कारण मजदुर युनियनहरूले विरोध जनाउन सक्छन्। यसो भयो भने परियोजना कार्यान्वयनमा अवरोध हुन्छ र असफलता हात लाग्न सक्छ।

### अवलम्बन गर्नुपर्ने बाटो

रूग्ण सार्वजनिक संस्थानको पुनरूत्थानका लागि सानिसा अवधारणा सफल कार्यान्वयन गर्न सरकारले स्पष्ट नीतिगत संरचना तयार गर्नुपर्छ। प्रक्रिया पारदर्शी र रणनीति दीर्घकालीन हुनुपर्छ।

सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयह अर्थ मन्त्रालयह सरोकारवाला अन्य मन्त्रालयहरूह लगानी बोर्ड र सानिसा विज्ञहरू सम्मिलित स्वतन्त्र अध्ययन समिति गठन गर्नुपर्छ। यस्तो समितिले रूग्ण संस्थानको विस्तृत अध्ययन र मूल्यांकन गरी सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अनुसार उपयुक्त सानिसा विधिको सिफारिस गर्नेछ। सानिसा विधि निर्धारण गर्दा लाभ-लागत विश्लेषण, वित्तीय र सम्भाव्य दायित्व तथा जोखिम-प्रतिफल मूल्यांकनका स्पष्ट मापदण्ड बनाउनु आवश्यक हुन्छ।

सानिसा परियोजनाको सफलताका लागि आर्थिक रूपमा स्थिर र अनुभवी निजी साझेदार छनोट गर्न पारदर्शी र प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रिया आवश्यक हुन्छ। स्पष्ट मापदण्डमा आधारित छनोट प्रक्रियाले जबाफदेयिता र सार्वजनिक विश्वास मजबुत बनाउँछ। सानिसा अवधारणा अनुसार निजी क्षेत्रको लगानी आकर्षित गर्न वित्तीय तथा जोखिम न्यूनीकरणका संयन्त्रहरू विकास गर्न आवश्यक हुन्छ। यसका लागि सरकारले सम्भाव्यता न्यून परिपूरक कोष ( भायाबिलिटी ग्याप फन्डिङ) र मिश्रित वित्तजस्ता उपकरणहरू कार्यान्वयन गर्नुपर्छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सहकार्यमा जोखिम न्यूनीकरणका उपायहरू नेपाली बजारमा भित्र्याउनुपर्छ। सानिसा परियोजनाका लागि ऋणपत्र निस्कासन गर्न ऋणपत्र बजार विकास गर्नु जरूरी हुन्छ। निजी क्षेत्रबाट गुणस्तरीय प्रस्ताव सुनिश्चित गर्न सरकार आफै जोखिम तथा प्रतिफल बाँडफाँट गर्न तयार हुनुपर्छ। सानिसा परियोजनाको स्थायित्वका लागि राजनीतिक तथा नियामकीय जोखिम व्यवस्थापन गर्न सरकार अग्रसर हुनुपर्छ।

कर छुट, जग्गा लिज तथा अन्य प्रोत्साहन प्रदान गर्दा लाभ-लागत मूल्यांकन गरी न्यायोचित नीति अवलम्बन गर्नुपर्छ। सानिसा अवधारणा अनुसार रूग्ण संस्थानको सञ्चालन तथा विकास प्रभावकारी बनाउन स्पष्ट कानुनी ढाँचा आवश्यक हुन्छ। सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ का केही प्रावधानहरू अझै स्पष्ट रूपमा परिभाषित गर्न बाँकी छ।

स्विस च्यालेन्ज विधि (दफा २४) अन्तर्गत आह्वान नगरिएका परियोजना प्रस्तावमार्फत प्रतिस्पर्धात्मक रूपमा चुनौती दिन सकिने व्यवस्था भए पनि यसको कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देश छैन ।

सम्भाव्यता न्यून परिपूरक कोष (दफा ४३) आर्थिक रूपमा महत्त्वपूर्ण तर वित्तीय रूपमा कम आकर्षक परियोजनालाई सहयोग पुऱ्याउने उद्देश्यले व्यवस्था गरिएको हो। उद्देश्य अनुसार प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ। सरकारले वार्षिक रूपमा निश्चित रकम उपलब्ध गराउँदै पारदर्शी छनोट मापदण्ड निर्धारण गर्नुपर्छ। यसमा महत्त्वपूर्ण क्षेत्रलाई प्राथमिकता दिनुपर्ने हुन्छ। निर्माण, सञ्चालन तथा हस्तान्तरणह लिज, सञ्चालन तथा हस्तान्तरणह विकास, सञ्चालन तथा हस्तान्तरणह पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण जस्ता सानिसा विधिहरू स्पष्टरूपमा परिभाषित गरिएका छैनन् । यसले सम्झौता कार्यान्वयनमा अन्योल सिर्जना गरेको छ। सरकारले यी विधिहरूको स्पष्ट परिभाषासहित व्याख्या गरी कार्यान्वयन प्रक्रिया सहज बनाउन आवश्यक छ। सानिसा अवधारणाको सफल कार्यान्वयनका लागि श्रमिक युनियन, नागरिक समाज र विज्ञहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ। पारदर्शी र समावेशी निर्णय प्रक्रियाले सार्वजनिक चासो सम्बोधन गर्दै प्रतिरोध न्यूनीकरण र सम्झौताको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न योगदान पुऱ्याउँछ। सरकारले यी उपायहरू लागू गरेर सानिसा अवधारणामा निजी लगानी आकर्षित गर्न सहयोग पुऱ्याउनुपर्छ। यसबाट रूग्ण सार्वजनिक संस्थानहरूको पुनरूत्थान गर्दै तिनलाई आर्थिक वृद्धिको इन्जिनमा रूपान्तरण गर्ने अवसर प्राप्त हुनेछ। साथै, सार्वजनिक हित रक्षा र राज्यको सम्पत्तिको अधिकतम उपयोग सुनिश्चित हुनेछ।

***(लेखक दिलीपराज भट्ट इन्जिनियर हुन्। उनले सार्वजनिक-निजी साझेदारी (सानिसा), विकास नीति र अनुसन्धानको क्षेत्रमा काम गरेका छन्।) -सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : उमङ्ग र उत्साहमाकमी आउनेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **तुला** : सामाजिक कार्यप्रति मन जानेछ। प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिवारको साथले आशा पलाउँछ । अध्यात्मको भावना जाग्छ । |
| **मिथुन** : कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **धनु** : मानो वांछित खनेकुरा पाइनेछ। रोकिएका कामहरु पुरा हुनेछन् । |
| **कर्कट** : जिद्दीपनाले काम बिग्रने डर छ । तनाव बढेको महशुस होला । | **मकर** : परिवार संग समय बित्ने, मायाँ बढ्नेछ र दीर्घकालिक फाइदा पुग्नेछ । |
| **सिंह** : मन लागेको खरिद गर्न सकिन्छ । काममा कुनै माध्यमबाट सहयोग गर्नेछन् । | **कुम्भ** : प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न प्रयास हुनेछन् । |
| **कन्या** : बोली बिक्ने समयछ । कसैका लागि सन्तान प्राप्तिको योग छ । | **मीन** : लाभदायक योजना बन्नेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । |




बालकथा — सौगात बस्नेत

# अलविदा कान्छा



साथीको घर म जहिले घर गएको बेला सधै नै जान्छ । उसको घरको सानो परिवार त्यही परिवारको एउटा सदस्य सरह थियो कान्छा । मलाई त राम्ररी चिन्दैन थियो नचिने पनि केहि दिन को बसाइ मा नजिक हुन थालेको थियो । कान्छासंगको भेट भनेको एक वर्षमा एकचोटी हुन्थ्यो त्यहि नि केहि समयको सामिप्यमा नजिक भैहाल्थ्यो ।

कान्छासंग मेरो भेट यो सहित २ चोटी हुन पुगेको थियो । यस भेटमा कान्छा पहिले जस्तो चंचल पाएन मैले, एउटा कुनामा चुप लागेर बसिराको थियो । मैले सोधे साथीलाई के भयो कान्छालाई चुप लागेर बसिरको छ त' अलिक बिरामी भएको छ । त्यहि समय भित्रबाट आवाज आयो 'कान्छा आइज खाना खानलाई भनेर' बिस्तारै कान्छा अल्छी गर्दै भए पनि बिस्तारै भित्र गयो । भित्र आमा कान्छाको खाना लिएर बस्नुभएको रहेछ । कान्छा फेरी खाना खाएर त्यहि कुनामा आएर बस्यो । बिस्तारै म नि कान्छाको नजिक पुगे, सुरुमा कान्छा अलिक पर हुन खोज्यो मैले मेरो छेउमा बोलायेसी आएर छेउमा बस्यो । कान्छा के भयो भन्दा मौन भएर टाउँको मात्र हल्लायो कान्छाले एकछिन छेउमा बसेर कान्छा त्यहि कुनामा गएर बस्यो ।

*कान्छासंग मेरो भेट यो सहित २ चोटी हुन पुगेको थियो । यस भेटमा कान्छा पहिले जस्तो चंचल पाएन मैले, एउटा कुनामा चुप लागेर बसिराको थियो । मैले सोधे साथीलाई के भयो कान्छालाई चुप लागेर बसिरको छ त' अलिक बिरामी भएको छ । त्यहि समय भित्रबाट आवाज आयो 'कान्छा आइज खाना खानलाई भनेर' बिस्तारै कान्छा अल्छी गर्दै भए पनि बिस्तारै भित्र गयो । भित्र आमा कान्छाको खाना लिएर बस्नुभएको रहेछ । कान्छा फेरी खाना खाएर त्यहि कुनामा आएर बस्यो । बिस्तारै म नि कान्छाको नजिक पुगे, सुरुमा कान्छा अलिक पर हुन खोज्यो मैले मेरो छेउमा बोलायेसी आएर छेउमा बस्यो । कान्छा के भयो भन्दा मौन भएर टाउँको मात्र हल्लायो कान्छाले एकछिन छेउमा बसेर कान्छा त्यहि कुनामा गएर बस्यो । कान्छा एक दुई दिन भन्दा भन्दै धेरै नै बिरामी भैसकेको थियो । बिस्तारै कान्छा त्यो कुनाबाट अगाडि आउन नि नसक्ने भएको थियो ।*

कान्छा एक दुई दिन भन्दा भन्दै धेरै नै बिरामी भैसकेको थियो । बिस्तारै कान्छा त्यो कुनाबाट अगाडि आउन नि नसक्ने भएको थियो । अब उसलाई खाने कुरा पनि त्यहि दिनुपर्ने भएको थियो । कान्छाको आँखाबाट आँशु झरिरंथ्यो । अनि आमाले 'कान्छा तिमीलाई कति गारो भाको छ है ' भन्दा मन नै चसक हुन्थ्यो । आमाको माया कान्छोले नि मज्जाले बुज्थ्यो आमाको सामिप्यता उसलाई सधै प्यारो लाग्थ्यो । आमा सोफामा बसेर आउ कान्छा माथि भन्दा कान्छा हेरेर मात्र बस्थ्यो । उसको पीडा देख्दा लाग्थ्यो ' कति पीडा सहेर बस्छस् कान्छा किन यस्तो भएको होला जस्तो लाग्थ्यो कान्छालाई 'कान्छा केहि गर्न छोडिसकेको थियो ।

कान्छालाई भित्र भित्रै रोगले गलाई सकेको थियो । डाक्टरलाई देखाउदा नि कान्छालाई सिरिन्ज दिदा आमा कान्छालाई दुख्यो है भन्दै सामिप्यता देखाउनुहुन्थ्यो । कान्छालाई अब दबाइले भेट्न छोडिसकेको थियो, डाक्टर पनि अब कान्छा केहि दिनको पाहुना मात्र हुन्छ होला भन्न थालेका थिए । एक दिनको कुरा हो बिहानै कान्छा अरु दिन भन्दा अलिक चंचल भएको थियो लग्यो कान्छा अब निको हुन्छ बिस्तारै आमा पनि खुशी हुनुभएको थियो । तर कान्छाको अन्तिम चोटी सिरिन्ज लाउन बाँकी थियो, डाक्टर आएर कान्छालाई सिरिन्जलाई दिए । सिरिन्ज लाएको केही समयपछि कान्छा झन् गार्हो महशुस गर्न थाल्यो । हामी सबै उसको पीडामा आतियो आमाले डाक्टरलाई दोष दिन थाल्नुभयो केहि समयको पीडापछि कान्छाले हामीलाई सधैको लागि अलविदा भन्यो । आमा आशु झार्दै भित्र जानुभयो । कान्छाले पीडाबाट मुक्ति पायो तर हामीले एउटा सदस्य गुमाएउ ।

कान्छा सधै नि अझै पनि म त्यो ठाउँ जादा तेरो अभाब महशुस गर्छ । छेउमा आएर त जहिले बस्थिस् म सुम्सुमाउन्थे रुप पशुको भए नि मन मानव प्रजातिको लिएर बसेको थिइस् । माथिक हरफ मा तलाई आफ्नो परिवार मान्थे म 'त्यहि भएर कुकुर भनेर तलाई सम्बोधन गर्न सकिन । कान्छा तलाई घरको पछाडी पुरेको ठाउँमा अहिले बिरुवा हुर्केर शित्तल दिएर बसेको छस् तेरो नि स्वर्गमा शित्तल बास होस् ।

*-साहित्यपोष्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


निबन्ध — महेश मगर

# असल कि सफल बन्ने ?

हामी विद्यार्थीहरू विद्यालयमा धेरै सपनाहरू बुनेर आएका हुन्छौं । राम्रो पढ्ने र ठूलो मान्छे बन्ने सपना बोकेर आउनु हाम्रो, हाम्रा अभिभावक र हामा नातागोताका मानिसको चाहना नै हुन्छ । एकप्रकारले हामीले सपनाका लश्कर नै ल्याएका हुन्छौं भन्दा अत्युक्ति हुँदैन । विद्यालयमा शिक्षकले सिकाउने र विद्यार्थीहरूले सिक्ने काम गर्दछन् । यो काम संसारका सबैजसो विद्यालयमा हुने गर्छ । एक हिसाबले सबै विद्यालयमा सिकाउने काम भइरहेको हुन्छ तर कुरा यसो मात्रै पनि होइन । कहिलेकाहीँ सबै विद्यालयहरूमा प्रतिस्पर्धा पनि चलिरहेको हुन्छ । विद्यालयमा कस्लेभन्दा कस्ले धेरै अङ्क ल्याउने भन्ने होड मात्रै चलिरहेको हुँदैन त्यहाँ सकारात्मक रूपले पढाइलेखाइ पनि चलिरहेको हुन्छ । अहिलेका विद्यार्थीहरूमा परीक्षाका बारेमा एक प्रकारको हाउगुजी रहेको छ । निश्चित समयमा विद्यार्थीले निश्चित अंकका बारेमा लेख्नै पर्ने भन्ने परिपाटीबाट अंकन गर्ने चलन बास्तवमा निकै पुरानो हो । संसारका कतिपय देशमा अहिले परीक्षालाई भन्दा संचित अभिलेख र प्रयोगात्मक कक्षामा विद्यार्थीको कार्य परिणामलाई हेरेर अंक दिइन्छ । परीक्षामा कम मात्रै विद्यार्थीहरूले धेरै अङ्क ल्याउछन् । यसले गर्दा ती विद्यार्थीहरू विद्यालयमा सँधै परिचित हुन्छन् । तर त्यसभन्दा बाहेक विद्यार्थीहरूको पढ्ने र बुझ्न सक्ने क्षमता कम भएको कारणले विद्यालयमा आउनु र जानुबाहेक अन्य विकल्प हुँदैन् । सबै गुरुहरूको दृष्टिमा ती विद्यार्थीहरूले केही पनि गर्न नसक्ने भन्ने भान बुझिन्छ । परीक्षामा बढी अङ्क ल्याउन वा पास हुनु नै सबै कुरा ठानिन्छ । सबै विद्यार्थीहरूको मन भावमा त्यही कुरा परिरहेको हुन्छ । विद्यालयबाट पनि त्यसै किसिमका कुराहरू सुनिन्छ । एसएलसीमा फेल भएर आत्माहत्या गरिरहेका समाचारहरू पनि बारम्बार रेडियो, पत्रिकाहरूमा आइरहेका हुन्छन् । यसरी कम अङ्क आउनुमा र उर्त्तीण नहुनुमा ती विद्यार्थीहरूको मात्र गल्ती छैनन् । गल्ती छ -प्रकृतिले दिएको दिमागमा । एसएलसीमा फेल भएका ती विद्यार्थीहरू आफ्नो जीवन नै समाप्त भएको अनुभव गर्दछन् । जस्ले गर्दा उनीहरू सामान्य घटनाले सताइँदा आत्माहत्या जस्तो घृणित काम गर्न बाध्य हुन्छन् । प्रकृतिले सबैलाई दिमाग दिएको हुन्छ तर सबै एकै किसिमका हुँदैनन् । कसैको दिमागले एउटा क्षेत्रमा बढी जान्ने कुरामा जिज्ञासु हुन्छ भने कसैको दिमागले अर्का कुराहरू जान्न इच्छुक हुन्छन् । विद्यालयमा अध्ययन गर्ने कुनै विद्यार्थी पढाइमा तेज हुन सक्छ भने त्यही विद्यार्थी फुटबल खेल्ने चउरमा गोल गर्न असक्षम हुन सक्छ । यदि कुनै विद्यार्थीको समाजिक कार्यमा संलग्न हुनु जाँगरिलो र जोसिलो हुन सक्छ भने उसलाई गणितको सूत्रहरू नआउन सक्छ । कुनै विद्यार्थी सुमधुर लय हालेर गीत गाउन सक्छ भने त्यही विद्यार्थीलाई अंग्रजीको सामान्य व्याकरणको नियम पनि नआउन सक्छ । यसको उदाहरणको निम्ति २०१२ को सी.एन्.एन्. हिरो पुष्पा बस्नेतलाई लिन सकिन्छ । उनी काठमाडौँको सम्पन्न परिवारमा जन्मेकी थिइन् । उनको पढाइ कमजोर थियो । उनी पढाइमा सँधै असफल हुन्थिन् । उनी एसएलसी परीक्षामा पनि फेल भइन् । यसले गर्दा उनलाई सबैले नराम्रो दृष्टिले हेरिन्थ्यो भने उनी पढाइमा कमजोर भए तापनि समाजिक कार्यमा भने सँधै अब्बल रहिन् । जुन कार्यले गर्दा उनलाई सीएन्एन् हिरोको २०१२ को विजेता बनायो । उनी नेपालमा मात्रै नभएर विश्वभरि नै परिचित भइन् र यति मात्रै नभई नेपाललाई पनि संसारभरि नै चिनाइन् । यसबाट विद्यालयका विद्यार्थीहरू सबै एकैजस्ता देखिए पनि उनीहरूमा निकै अन्तर हुन्छ । एक विद्वान्ले भनेका छन् -'विद्यार्थीहरू सबै बराबरीजस्ता देखिए पनि उनीहरूमा वैयक्तिक अन्तर पनि हुन्छ ।' फुटबलका जादुगर मानिने विश्वविख्यात खेलाडी एवम् ब्राजिलका आदरणीय पेले गरिब परिवारमा जन्मिएका थिए । यदि उनका बुवाले -'तैँले खेल्नु हुन्न, किसानी काम गर्नु पर्छ' भनिदिएको भए सायद् उनी संसारमा चिनिने थिएनन् होला । प्रकृतिले उनलाई पढ्नका निम्ति दिमाग दिएन् तर उनलाई खेल्नका निम्ति दिमाग दियो । उनी आफ्नो भित्री मनको चाहना र इच्छामा सधै लागी रहे र एउटा सफल फुटबल खेलाडी बन्न सफल भए । यो कथा बास्तविक हो । कोरा कल्पनामा आधारित भने पक्कै होइन । हजारौँ सामग्रीहरूको अविष्कार गर्ने थोमस एल्वा एडिसन्ले आफ्नो बाल्यकालमा कहिले राम्रोसँग पढ्न पाएनन् । उनी आफ्नो गुजरा चलाउनका लागि रेलमा काम गरेर हिँड्थे । उनको दिमाग पढइमा होइन् कि विभिन्न सामग्री बनाउन केन्द्रित थियो । पछि गएर उनले मिहेनत गरी हजारौँ सामग्रीका अविष्कार गरे । हामीले घरमा प्रयोग गर्ने १०० बाटका बल्ब उनकै कीर्ति हो । उनको जीवनमा घटेका रोमाञ्चक घट्ना तपाईंहरूको माझ व्यक्त गर्न चाहन्छु । उनले उक्त बल्ब बनाउनका लागि कडा परिश्रम गरेर करिब ९ सय उनान्सय पट्क प्रयोग गरे तर पनि सफल भएनन तर अन्तिम १ हजार पट्कमा भने उनी बल्ब बनाउन सफल भए । उनलाई कुनै पत्रकारले 'तपाईंको ९ सय उनान्सय पल्टको मेहेनत त खेर गयो नि होइन ?' भनेर प्रश्न गर्दा -'उनले मेरो ९ सय उनान्सय पटक गरेको प्रयास खेर गएको होइन । मैले प्रयोग गरेको ९ सय उनान्सयौं तरिकाबाट बल्ब बनाउन सकिँदो रैनछ तर हजार पटकको तरिकाबाट भने बल्ब बल्दो रहेछ' भन्ने कुरा पत्ता लगाएको भन्ने उत्तर दिए । यसरी उनी आफ्नो इच्छा शक्तिमा सँधै आत्मनिर्भर भएर आफ्नो उद्देश्यमा लागिरहे र सफल भए । Father of Science मानिने अल्बर्ट आइन्स्टाइन आफ्नो समयमा आफ्नो कक्षामा एक कमजोर विद्यार्थीका रूपमा चिनिन्थे । उनलाई कुनै पनि गणितका हिसाब आउँदैन थिए । यसले गर्दा उनलाई कक्षामा पटमुर्खको नामले शिक्षकले बोलाउने गर्थे । यसरी एक कमजोर विद्यार्थी पछि गएर Father of Science भनेर संसारभरि चिनिए । आज उनैले आविष्कार गरेको सापेक्षतावादको सिद्धान्तले संसार नै यो गतिमा हिँडिरहेको छ । यसरी प्रकृतिले हामीलाई कुनै क्षेत्रमा प्रतिभावान् बनाइदिएका छन् भने कुनै क्षेत्रमा कमजोर । हामीले आफ्नो प्रतिभालाई चिन्न सक्नु पर्छ । अनि मात्रै हामीले सफलता प्राप्त गर्न सक्छौं । यसो भन्दैमा हामीले आफ्नो पढाइलाई छाड्ने वा विद्यालय नै नआउने भन्ने होइन । हामीले विद्यालयमा धेरै अङ्क ल्याउनका लागि मात्रै नभएर ज्ञान आर्जनका लागि पढ्नु पर्छ । हामी विद्यालयमा आई धेरै अङ्क त ल्याउँछौं तर व्यवहारिक जीवनमा सक्षम, शिक्षित र चेतनशील हुन सकेनौं भने त्यो अङ्कको के महत्व चाहे त्यो अङ्क १०० मा १०० नै किन नआओस् । हामीले कुनै पनि काम सम्पन्न गर्दा कसैको करले होइन कि आफ्नै रहरले गर्नु पर्छ । गुरुले कुनै पनि पाठ पढ्नु भन्नु र आफैँ मन लगाएर बिस्तारै पढ्नुमा धेरै फरक पर्छ । यस्मा निहीत रहेको गह्य कुरा बुझौं अनि मात्रै हामी जीवनमा सफल हुन सक्छौं । जीवनमा सफल हुनाका लागि हामीले निकै बुद्धि पुऱ्याएर काम गर्न सक्यौं भने मात्र त्यो काम फत्ते हुन सक्छ नत्र फत्ते हुन सक्दैन । कोही कसैले कसैलाई प्रेरित गर्न सक्छ तर आफैँले अखण्ड परिश्रम गर्न सकेन भने त्यो मानिसले जीवनमा केही पनि कार्य सफलतापूर्वक गर्न सक्दैन । जीवनमा जेजे काम गरे पनि त्यसको सपना र कल्पना हामीले विद्यार्थी जीवनमै गरेका हुन्छौं । मेधावी विद्यार्थी पछि गएर संसारलाई नै ज्ञानको ज्योति दिने मानिस बन्छ । यहाँनेर म के भन्छु भने मानिस सफल र असल दुवै हुनु पर्छ । यदि त्यसो भयो भने अब्बल हुन्छ । तर संसारका सबै सफल मानिस असल छैनन् भने सबै असल मानिस सफल पनि भएका छैनन् । असल र सफल कुन अब्बल हो ? किन ? अर्को प्रयासमा जवाफ खोज्ने जमर्को गरौँला है । हामी असल र सफल हुन माथिका कुरामा मनन गर्नै पर्छ । विद्यार्थी वर्गमा चेतना भया ।*-समकालीन साहित्य डटकम*


CRS

## गैर सरकारी सस्थाहरूका लागि इच्छा पत्र आह्वान गरिएको

**पुन : प्रकाशित मिती ०४/०१/२०८२**

CRS नेपाल सन १९४३ मा अमेरिकामा स्थापना भएको मानवीय सेवामा काम गर्ने अर्न्तराष्ट्रिय गैर सरकारी संस्था हो । यस संस्था हाल १०० भन्दा बढी देशमा कार्यरत छ । यस संस्थाले विभिन्न स्थानीय संस्था मार्फत नेपालमा सन १९९२ बाट काम सुरु गरेको र २०१५ सालको भुकम्प पश्चात नेपालमै कार्यालय स्थापना गरी प्रतिकार्य र पुर्नलाभको कार्य सुरु गरेको हो । यस बीचमा CRS नेपालले ३०००० भन्दा बढी परिवारको घर पूनर्निर्माण र जीविकोपार्जन सुधार गर्न मद्दत गरेको छ ।

यसै क्रममा CRS नेपालले कृषि तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत सप्तरी जिल्लामा Securing and Protecting Investments & Capacities for Environmental Sustainability (SPICES) project संचालन गर्न गइरहेको छ । सो कार्यक्रम संचालन गर्न पाल्पा जिल्लामा एक साझेदार संस्था आवश्यक परेकोले इच्छा पत्र आव्हान भएकोमा पर्याप्त संख्यामा आवेदन प्राप्त नभएकोले पून: इच्छा पत्र पेश गर्न यसै सूचना मार्फत आव्हान गरिएको छ ।

CRS नेपालले कृषि तथा जीविकोपार्जन कार्यक्रम अर्न्तगत पाल्पा जिल्लामा मुल्य श्रृङखलामा आधारित कृषिवन कार्यक्रम संचालन गर्न गइरहेको छ । सो का लागि इच्छुक स्थानीय संस्थाहरुलाई २ पेजको परियोजना प्रस्ताव सहित इच्छा पत्र पेश गर्न आव्हान गरिएको छ । इच्छुक संस्थाले २०८२ साल वैशाख १४ गते ५ बजे भित्र **np_procurement@crs.org** मार्फत तोकिएको ढांचामा २ पेजको परियोजना प्रस्ताव सहित इच्छा पत्र पठाउन अनुरोध गरिन्छ । इच्छा पत्र तथा परियोजना प्रस्तावको ढांचा (फारम) पनि सोही इमेल ठेगाना मार्फत माग्न अनुरोध गरिन्छ ।

# गुल्मीमा २४ वर्षदेखि फरार अभियुक्त पक्राउ



**गुल्मी, वैशाख ३**/२४ वर्ष फरार तिलबहादुर विकलाइ प्रहरीले ०८१ चैत २९ गते पक्राउ गरेर अदालत पेस गरेको छ । कालिगण्डकी गाउँपालिका-२ का ५६ वर्षीय तिलबहादुर विकलाई नकबजनी चोरीमा जिल्ला अदालत गुल्मीले ०५७ साल जेठ २२ गते १७ दिन कैद र रु.१,५००/- रुपियाँ जरिवानाको फैसला गरेको थियो ।

त्यस्तै सत्यवती गाउँपालिका-६ का ४२ वर्षीय शङ्करप्रसाद भण्डारीलाई चेक अनादर गरेको मुद्दामा जिल्ला अदालत गुल्मीले ०७९ असार २३ गते तीन हजार रुपियाँ जरिवाना फैसला भएको थियो । प्रहरीले भण्डारीलाई तीन वर्षपछि चैत २८ गते पक्राउ गरेर अदालत पेस गरेको छ ।

इस्मा गाउँपालिका-६ का ४१ वर्षीय भोटबहादुर कुमाललाई जबरजस्ती चोरीमा जिल्ला अदालत गुल्मीबाट ०७० जेठ २५ गते एक वर्ष १५ दिन कैद र ५० हजार ८५० रुपियाँ जरिवाना फैसला भएको थियो । फरार कुमाललाई ११ वर्षपछि गुल्मी प्रहरीले गत चैत २५ गते पक्राउ गरेर अदालत पेस गरेको प्रहरी नायब उपरीक्षक सारुले बताए ।

त्यस्तै लागु औषध मुद्दामा ०७७ जेठ २६ गते गुल्मी जिल्ला अदालतबाट दुई महिना कैद र दुई हजार रुपियाँ जरिवाना भएका गुल्मीदरबार गाउँपालिका(५ का २५ वर्षीय क्यिटन परियार गत चैत २५ गते पक्राउ परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गङ्गाबहादुर सारुले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय गुल्मीले पछिल्लो समय नियमित पत्रकार सम्मेलन गर्दै आएको छ । सम्मेलनमा मासिक विवरण सार्वजनिक गर्ने गरिएको छ । जस अनुसार फैसला कार्यान्वयन तर्फ चैत महिनामा ११ जना फरार प्रतिवादी पक्राउ गरेर अदालत पेस गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक राजन भुजेलले जानकारी दिए ।

# विद्युत सर्टबाट गोठमा आगलागी



**रूपन्देही, वैशाख ३**/रूपन्देही जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिका-१२ स्थित आमा गाउँमा विद्युत सर्ट भएर आगलागी हुँदा करिब १ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । मंगलबार राति भएको उक्त आगलागीले स्थानीय सुदामा चाईको गोठलाई पूर्णरूपमा क्षति पुर्याएको हो ।

गोठमा अचानक आगो लागेको देखेपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेका थिए । आगो फैलँदै जाँदा गोठभित्र राखिएका खाध्यन्न, लत्ताकपडा, घरायसी सामान, पशुचौपायाको गोठ, पराल तथा अन्य सामग्री जलेर नष्ट भएका छन् ।

प्रहरी र स्थानीयवासीको प्रयासमा आगो नियन्त्रणमा ल्याउन सफल भएको थियो। दमकल नभएको क्षेत्र भएकाले स्थानीयको सक्रियताले मात्र आगलागीलाई थप फैलिनबाट जोगाएको बताइएको छ । "समयमै जानकारी पाएपछि स्थानीयवासीको सहयोगमा हामीले आगो नियन्त्रणमा ल्यायौं," इलाका प्रहरी कार्यालयका एक प्रहरी जवानले भने, 'तर गोठमा रहेका अधिकांश सामान जलेर नष्ट भइसकेका थिए ।'

सुदामा चाईको परिवारले गोठमा रहेका खाद्य सामग्री, भाँडाकुँडा, पराल, ओढ्न ओछ्याउने सामान, केही नगदसहित गोठकै संरचनामा ठूलो क्षति पुगेको बताएको छ । प्रारम्भिक अनुमानअनुसार करिब १ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । हाल प्रहरीले घटनास्थलको स्थलगत अनुगमन गरी थप अनुसन्धान गरिरहेको छ । यस्तै घटनाबाट भविष्यमा क्षति कम गर्न स्थानीय तह र सरोकारवाला निकायहरूले सचेतना कार्यक्रम तथा पूर्वतयारी योजनामा ध्यान दिनुपर्ने आवश्यक देखिएको छ ।

## खेलकुद समाचार

# नेपालको लगातार तेस्रो जित



**काठमाडौं, वैशाख ३**/नेपालले आईसीसी यू-१९ विश्वकप एसिया छनोटमा लगातार तेस्रो जित निकालेको छ । बुधबार भएको खेलमा नेपालले हङकङलाई सहजै ९ विकेटले हराएको हो ।

तल्लो मुलपानी क्रिकेट मैदानमा हङकङले दिएको ११६ रनको सामान्य लक्ष्य नेपालले १२.३ ओभरमा १ विकेट मात्र गुमाएर पूरा गर्‍यो । ओपनर साहिल पटेल ४२ तथा कप्तान नरेन भट्ट ३९ रनमा नटआउट रहे । त्यसअघि निरज यादवले २३ रन बनाए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले ४६.२ ओभरमा अलआउट हुँदै ११५ रन बनाएको हो । शिव माथुरले सर्वाधिक ६३ रन बनाए । आर्या पन्जवानीले १३ तथा वीर माथुरले १२ रन बनाए । सुरुवाती विकेट १० रनको योगफलमै गुमाएको हङकङका लागि माथुर र पन्जवानीले डिफेन्सिभ शटहरू खेल्दै अर्धशतकीय साझेदारी बनाए । ६० रन जोड्दा दोस्रो विकेट गुमाएको हङकङले त्यसपछि निरन्तर विकेट गुमाइरहँदा सामान्य योगफलमै चित्त बुझायो । नेपालका युवराज खत्रीले १० ओभरमा १८ रन मात्र दिएर ४ विकेट लिए । बिपिन प्रसाद शर्माले ६.२ ओभरमा २४ रन दिएर ३ विकेट लिए । सन्तोष यादवले २ तथा अशोक धामीले १ विकेट लिए । नेपालले यसअघि यूएई र ओमानलाई हराएको थियो । अब नेपालले समूह चरणको अन्तिम खेलमा शनिबार अफगानिस्तानसँग खेल्ने छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक सात अंकले बढ्यो




**पाल्पा, वैशाख ३**/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सात दशमलव शून्य एक अंकले बढेर दुई हजार ६ सय ९६ दशमलव २३ को विन्दुमा कायम भएको छ ।

बुधबार तीन सय २९ कम्पनीको एक करोड ६६ लाख ११ हजार पाँच सय ३२ कित्ता सेयर ६४ हजार तीन सय ६० पटक खरिदबिक्री हुँदा रू सात अर्ब २६ करोड ५१ लाख २२ हजार दुई सय ४१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

वित्त समूहको उपसूचक शून्य दशमलव ६७, होटल तथा पर्यटन समूह शून्य दशमलव १६, लगानी शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव शून्य छ र अन्य समूहको उपसूचक एक दशमलव शून्य सात प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी जलविद्युत् समूह एक दशमलव ६३ र विकास बैंक समूह एक दशमलव ११ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव शून्य पाँच, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ५५ र व्यापार समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ ।

बिहीबारको कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड र बलेफी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी छ दशमलव ८१ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका सेयर सङ्ख्याका आधारमा यसदिन सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको रू ५९ करोड ४१ लाख ५३ हजार नौ सय ६० बराबरको १९ लाख ५० हजार आठ सय छ कित्ता सेयर किनबेच भएको छ ।


## वायु प्रदूषणबाट जोगिने उपाय

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौं, हरियाली बढाऔं र वनजंगल जोगाऔं ।

वायु प्रदूषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई